नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय पूर्वाधार विभाग

**उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम**

श्रीमहल, पुल्चोक, ललितपुर

मिति २०७८।१०।१७, सोमबारको गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएको।

# आयोजना प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०७८।१०।१७

उच्च पहाडी एवम् हिमाली क्षेत्रका मानव विकास सूचकाङ्कमा तुलनात्मक रुपमा पछाडि परेका स्थानीय तहमा एकीकृत बस्ती विकास तथा भौतिक पूर्वाधार विकास एवम् जीविकोपार्जन सुधारका कार्यक्रमहरु सञ्चालन गरी स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यका साथ सुदूर पश्चिम र कर्णाली प्रदेशका उच्च पहाडी एवम् हिमाली क्षेत्रका ११ जिल्लाका ८६ वटा स्थानीय तहहरुको लागि **"उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम"** आ.व. २०७८।७९ देखि लागू भएको छ। कार्यक्रम सञ्चालनका लागि **"उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८"** समेत स्वीकृत भई सकेको छ। स्वीकृत कार्यविधिको परिधिभित्र रही आयोजना सञ्चालन गर्न इच्छुक कार्यविधिको अनुसूची-१ मा उल्लिखित उच्च पहाडी एवम् हिमाली क्षेत्रका स्थानीय तह (नगरपालिका तथा गाउँपालिका) ले कार्यविधिको अनुसूची-२ वमोजिमको फाराम भरी आयोजना प्रस्ताव गरी २०७८ फाल्गुन १५ गते भित्र उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाईमा पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

<u>आयोजना प्रस्ताव पेस गर्दा ध्यान दिनु पर्ने विषयहरू:</u>

१. चालू आ.व. २०७८।७९ तथा आगामी आ.व. २०७९।८० को लागि आयोजना माग गर्दा प्रत्येक आ.ब. को लागि बढीमा ३ वटासम्म आयोजना (तालिमसमेत) प्राथमिकताक्रम छुट्याई कार्यविधिको दफा ८ को उपदफा १ र उपदफा ३ बमोजिमको विवरण खुलाई पेस गर्नु पर्नेछ।

२. बुँदा नं. १ अनुसार विवरण पठाउँदा कार्यान्वयन हुने आ.व. स्पष्ट रुपमा खुल्ने गरी छुट्टाछुट्टै रुपमा पेस गर्नु पर्नेछ।

३. कार्यविधिको दफा ७ को उपदफा २ (क) बमोजिमको साना सडक स्तरोन्नतिको हकमा स्थानीय तहले दफा ५ बमोजिम न्यूनतम बीस प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी आयोजना माग गर्नु पर्नेछ।

४. कार्यविधिको दफा ७ उपदफा २ मा उल्लिखित क्षेत्रहरू सामुदायिक पूर्वाधार, कृषि विकास, खानेपानी तथा सरसफाइ, सिँचाई तथा नदी नियन्त्रण, ऊर्जा र विपद् जोखिम न्यूनीकरण पूर्वाधारको क्षेत्रमा स्थानीय तहले दफा ५ बमोजिम न्यूनतम दश प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी आयोजना माग गर्नु पर्नेछ।

५. कार्यविधिको दफा ७ को उपदफा २ (झ) बमोजिमको परम्परागत पेसा प्रवर्द्धन एवम् आय आर्जन तथा जीवनस्तर सुधार आयोजना माग गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा मान्यता प्राप्त संस्था मार्फत वा सो संस्थाबाट तालिम प्राप्त प्रशिक्षक वा परम्परागत सीपमा पारङ्गत व्यक्ति मार्फत् स्थानीय तह आफैले तालिम सञ्चालन गर्ने व्यवस्थाको सुनिश्चितता सहित माग गर्नु पर्नेछ।

६. स्थानीय तहले यस कार्यक्रम अन्तर्गत आयोजना पेस गर्दा, संघ, प्रदेश वा अन्य सरकारी वा गैर सरकारी निकायबाट सञ्चालित समान प्रकृतिका आयोजनासँग दोहोरो नहुने गरी पेस गर्नु पर्नेछ।

७. आयोजना माग एवम् सिफारिस सहितको प्रस्ताव गर्दा इमेलको विषयमा स्थानीय तहको नाम र आर्थिक वर्ष स्पष्ट रुपमा खुलाई himap.program@gmail.com मा पठाउनु पर्नेछ। प्रत्येक आर्थिक वर्षको लागि छुट्टाछुट्टै इमेल पठाउनु पर्नेछ।

कार्यक्रम सम्बन्धी थप जानकारीको लागि केन्द्रीय समन्वय इकाई, श्रीमहल, पुल्चोक, ललितपुरमा सम्पर्क राख्नु हुन साथै **"उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८"** विभागको वेबसाइट www.doli.gov.np र मन्त्रालयको वेबसाईट www.mofaga.gov.np मा प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

**सम्पर्क फोन नं.:-** ०१-५५५५००१, ०१-५५४९७३४

मोबाईल नं.:- ९८६१८६५४८८, ९८५१०८८९६९

**कार्यक्रम निर्देशक**